# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बाणगङ्गा, कपिलवस्तु
## लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:०८२।८३
चलानी नं.:

**मकै बाली प्रवर्द्धन कार्यक्रम (हिउदे तथा बसन्ते) संचालनको लागि प्रस्ताव आह्वान सम्बन्धि सूचना !**

प्रथम पटक प्रकाशित मिति २०८२।०९।०१ गते

वाणगंगा नगरपालिका, कृषि विकास शाखा कपिलवस्तुबाट आ.व.२०८२।०८३ मा संघिय सरकार शसर्त अनुदान तर्फको बाली विकास तथा जैविक विविधता संरक्षण (राष्ट्रिय खाद्य मिसन) कार्यक्रम अन्तरगत **मकै बाली प्रवर्द्धन कार्यक्रम (हिउदे तथा बसन्ते)** संचालन गरिने भएकोले उत्पादन ब्लक निर्माण गरी कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह/कृषि सहकारी/ कृषि फर्म/उपभोक्ता समिति/निजी उद्‌मी/कम्पनीहरुले यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले २१ दिन (२०८२/०९/२१ गते) भित्र प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तीय हस्तान्तरण भएका कृषि बिकास कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०८२ को अनुसूची-२ अनुसारको प्रस्तावना फारम भरी तोकिएका कागजात सहित नगरपालिकामा निवेदन पेश गर्नु हुन यसै सूचनाद्धारा जानकारी गराइन्छ।

**कार्यक्रमको नाम:** मकै बाली प्रवर्द्धन कार्यक्रम(हिउदे तथा बसन्ते)

**संचालन गर्न सकिने क्रियाकलापहरु:**

१. उन्नत तथा स्वदेशी बर्णशंकर मकैको क्षेत्र बिस्तार कार्यक्रम (बीउ, सुक्ष्म खाद्यतत्व, किटनाशक विषादी, त्रियाल आदि)

२. साना सीँचाई सहयोग कार्यक्रम (स्यालो ट्युववेल र मोटर/ पम्पः सेट/ कुलो मर्मत/ आदि)

३.कृषि यान्त्रीकरण सहयोग कार्यक्रम (मिनी टिलर, ज्याव प्लान्टर, कर्न सेलर, कम्वाईण्ड मिल, स्प्रेयर आदि)

**ब्लकको क्षेत्रफल/साईज:** भवन, बाटो वा कुलोले ओगटेको क्षेत्र बाहेक एक आपसमा जोडिएका जग्गाको प्लटबाट बनेको कम्तिमा ५ हेक्टर (८ विगाह)

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

१. दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपी (नियमानुसार नविकरण / सुचिकृत भएको)।
२. कृषक समूह/ सहकारी/उपभोक्ता समितिको निर्णय प्रतिलिपी।
३. वडा कार्यालयको सिफारिस पत्र।
४ सहकारी संस्था/कृषि फर्म/कम्पनीको हकमा लेखा परिक्षण प्रतिवेदन तथा करचुक्ता प्रमाण पत्रको प्रतिलिपी।
५. अध्यक्ष/प्रोपाइटरको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी।
६. भाडाको जग्गा भए कम्तिमा ५ वर्षको सम्झौता पत्र।
७. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी।
८. प्रतिबद्धता पत्र।

**नोटः-** प्रदेश प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तीय हस्तान्तरण भएका कृषि बिकास कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०८२ यस नगरपालिकाको वेभसाइड www.bangangamun.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ।

*पुनश्चः आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात नपुग भएमा नगरपालिका कृषक समूह/कृषि सहकारी/ जल उपभोक्ता समितिको प्रस्ताव स्वीकृत गर्नका लागि बाध्य हुने छैन।*
*विस्तृत जानकारीका लागि वाणगंगा नगरपालिका,कृषि विकास शाखा कपिलवस्तुमा सम्पर्क राख्नुहोला।*
*सम्पर्क नम्वर-९८४१३५२७४७/९८४७०५२९५४*

निमित्त प्रमुख
प्रशासकिय अधिकृत